# शिक्षक सेवा आयोगको अत्यन्त जरुरी सूचना

१. यस आयोगको मिति २०७१/१२/२४ गते प्रकाशित शिक्षक पदपूर्तिको खुला विज्ञापन र मिति २०७२/०१/०७ गते प्रकाशित अध्यापन अनुमतिपत्रको माध्यमिक तहको विज्ञापनका लागि दरखास्त फारामसाथ पेश गर्नुपर्ने आवश्यक कागजातहरू मिति २०७२/०१/१२ गतेको महाभूकम्पका कारणले नष्ट भै तत्काल पेश गर्न नसक्ने अवस्थामा रहेका उम्मेद्वारहरूले दरखास्त पेश गर्ने समयसीमा भित्र नै यस आयोगमा सम्पर्क राख्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

२. मिति २०७२/०१/०९ गते गोरखापत्रमा प्रकाशित २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा गुल्मी जिल्लाको माध्यमिक तह प्रथम श्रेणीको पद संख्या १ हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।

३. मिति २०७२/०१/०९ गते गोरखापत्रमा प्रकाशित २५ प्रतिशत आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको पूर्व प्रकाशित अन्तर्वार्ता तालिका मध्ये माध्यमिक तह द्वितीय श्रेणी, निम्नमाध्यमिक तह प्रथम र द्वितीय श्रेणीको अन्तर्वार्ता मिति २०७२।०२।२९ गते विहान ८:०० बजेदेखि सम्बन्धित क्षेशिनिमा हुने व्यहोरा जानकारी गराईन्छ ।